# वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा,
मधेश प्रदेश, नेपाल
२०७४
(शैक्षिक प्रशासन महाशाखा)


प.सं.: शिक्षा २०७९/०८०
च.नं.: 9068

मिति : २०७९/०५/१३

**छात्रवृत्ति प्रयोजनका लागि फाराम बुझाउने सम्बन्धी जरुरी सूचना ।**

वीरगंज महानगरपालिका अन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरूमा छात्रवृत्ति प्रयोजनका लागि यस महानगरपालिकाको च.नं. ५३ मिति २०७९/०४/२५ गते र च.नं ५९ मिति २०७९/०४/३१ गते प्रकाशित सूचनाअनुसार विद्यार्थीहरूले भर्ना भएकै विद्यालयबाट फाराम वितरण र संकलन कार्य भईरहेको व्यहोरा सम्बन्धित सबैलाई अवगत नै छ । अतः छात्रवृत्ति व्यवस्थापन समितिको मिति २०७९/०५/१२ गतेको निर्णयानुसार <u>छात्रवृत्ति फाराम भरी विद्यालयमा बुझाउने अन्तिम मिति २०७९/०५/१७ गते शुक्रबार ४:०० बजेसम्म</u> रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

५/१३
नि. प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ:**
श्री नगर प्रमुखज्यू, वीरगंज महानगरपालिका ।
श्री नगर उपप्रमुखज्यू, वीरगंज महानगरपालिका ।
श्री सबै संस्थागत विद्यालयहरू - सूचनाबमोजिम गर्न गराउनुहुन ।
श्री सूचना तथा प्रविधि शाखा - वेभसाइट तथा फेसवुक पेजमा अपलोड गर्नुहुन ।



CamScanner

# वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा,
मधेश प्रदेश, नेपाल
२०७४
(शैक्षिक प्रशासन महाशाखा)


प.सं.: शिक्षा २०७९/०८०
च.नं.: १०१८

मिति : २०७९/०५/१३

श्री सबै संस्थागत विद्यालयहरू,
वीरगंज महानगरपालिका ।

**विषय : छात्रवृत्ति सम्बन्धमा ।**

वीरगंज महानगरपालिका अन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूमध्ये १० प्रतिशत विद्यार्थीहरुको छात्रवृत्ति प्रयोजनका लागि यस महानगरपालिकाको च.नं. ५३ मिति २०७९/०४/२५ गते र च.नं ५९ मिति २०७९/०४/३१ गतेको सूचनाअनुसार विद्यार्थीहरूले भर्ना भएकै विद्यालयबाट फाराम वितरण र संकलन कार्य भईरहेको व्यहोरा अवगत नै छ । अत: सो सम्बन्धमा छात्रवृत्ति व्यवस्थापन समितिको मिति २०७९/०५/१२ गतेको निर्णयानुसार देहाय बमोजिम गर्न गराउनुहुन सम्बन्धित सबै संस्थागत विद्यालयहरूलाई अनुरोध छ ।

तपसिल:

१. छात्रवृत्ति छनौट परीक्षाका लागि **आवेदन फाराम वितरण र संकलन कार्य सम्बन्धित विद्यालयबाट नै मिति २०७९/०५/१७ गते शुक्रबार ४:०० बजेसम्म** गर्न गराउनुहुन ।
२. भर्ना भएका सबै विद्यार्थीहरुको नामनामेसी सहितको कक्षागत विद्यार्थी विवरण संख्या समेत २०७९/०५/२० गतेभित्र वीरगंज महानगरपालिकामा उपलब्ध गराउनुहुन ।
३. कक्षा ९ र ११ को हकमा संकलन भएका सक्कलै आवेदन फारामहरू र सो को विस्तृत विवरणहरुको प्रिन्ट र एक्सेलमा सफ्ट कपि समेत मिति २०७९/०५/२० गते सोमबार भित्र वीरगंज महानगरपालिकामा पेश गर्नहुन ।
४. छात्रवृत्ति छनौट परीक्षाको मिति, परीक्षा केन्द तथा प्रवेश पत्र वितरण लगायतसम्बन्धी सूचना वीरगंज महानगरपालिकाबाट पछि प्रकाशित गरिनेछ ।
५. कक्षा ९ र ११ बाहेकको छात्रवृत्ति सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्बन्धित विद्यालयबाट नै नियमानुसार तोकिएबमोजिम प्रदान गरी सो को जानकारी वीरगंज महानगरपालिकामा दिनहुन ।

नोट: क) रित नपुगेका आवेदन फारामहरू जुनसुकै बखत रद्द गरिनेछ ।
ख) कुनै कारणवश दर्ता भएका फारामहरू पछि छानविन गर्दा त्रुटि फेला परेमा खारेज गरिनेछ ।
ग) जुन वर्गको छात्रवृत्तिको लागि आवेदन दिएको हो सो को लागि चाहिने प्रमाणपत्र/सिफारिश पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।
घ) यस सूचनामा उल्लेख नभएका जानकारीको सम्वन्धमा वीरगंज महानगरपालिकाको संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७५ तथा छात्रवृत्ति व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ ।

.................
नि. प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ:**
श्री नगर प्रमुखज्यू, वीरगंज महानगरपालिका ।
श्री नगर उपप्रमुखज्यू, वीरगंज महानगरपालिका ।
श्री सबै संस्थागत विद्यालयहरू - सूचनाबमोजिम गर्न गराउनुहुन ।
श्री सूचना तथा प्रविधि शाखा - वेभसाइट तथा फेसवुक पेजमा अपलोड गर्नुहुन ।



CamScanner